# कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लूट ब.रावत ज्यू बाट प्रस्तुत
# कोहलपुर नगरपालिकाको आ.व. : २०७५/०७६ को नीति तथा कार्यक्रम

## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कोहलपुर,बाँके
## (५ नं. प्रदेश)

**कोहलपुर नगरपालिकाको**
**तेस्रो नगर सभा**
**१० असाढ २०७५**
**आर्थिक बर्ष :२०७५/०७६ को नीति तथा कार्यक्रम**

**उपस्थित सम्पूर्ण नगर सभाका सभासद ज्यूहरू,**

नेपालको संविधान तथा विद्यमान प्रचलित कानूनले दिएको अधिकारको प्रयोग गर्दै हामीले स्थानिय सरकारको कार्यभार सम्हालेको १ वर्षको समय ब्यतित गर्दा हाल सम्म विभिन्न कानून तथा नीतिगत अस्पष्टताका वावजुत स्थानिय सरकारको हैसियतले कार्यसम्पादन गरी तेस्रो नगर सभाको यस गरिमामय सभामा आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरान्वित भएको महशुश गरेको छु ।

हामीले कार्यभार सम्हालेको एक वर्षको समयावधी ब्यतित हुँदा **सिंहदरवारको अधिकार, प्रत्येक नगरवासीको घर आँगनमा** पुऱ्याउने अवधारणालाई साकार पार्नको निमित अधिंकाश वडा कार्यालयहरु सम्बन्धित वडाहरुमा नै स्थापना गरी सेवा प्रवाह भईरहेको कुरा सहर्ष जानकारी गराउन चहान्छु । यस कार्यमा सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधि, राजनैतिक दलका नेतागण, राष्ट्रसेवक कर्मचारी, ब्यवसायी, समाजसेवी, बुद्धिजिवी, पत्रकार, सुरक्षा निकाय , सम्पुर्ण नगरवासीहरु लगायत सम्पुर्ण सरोकारवालाहरुमा हार्दिक आभार एवं धन्यवाद प्रकट गर्दछु ।

यस नगरपालिकामा रहेको अशिक्षा, गरीवी, बेरोजगारी र भौगोलिक विकटता लगाएतका तमाम समस्याहरुलाई निर्मुल गरी सम्पुर्ण नगरवासीहरुको मुहारमा खुशि र समृद्धि ल्याउन हामीलाई नगरवासीहरुको तर्फबाट दिएको ऐतिहासिक जिम्मेवारीलाई पुरा गर्ने दायित्व हामि सम्पुर्ण निर्वाचित जनप्रतिनिधीहरुको काँधमा आईपरेकाले सबैले आ-आफ्नो जिम्मेवारी कर्तब्यनिष्ठ भै निर्वाह गर्नका लागि म सबैमा हार्दिक अपिल गर्दछु ।

हामीलाई प्राप्त हुने श्रोत र साधनलाई न्यायोचित र प्रभावकारी रुपमा परिचालन गर्नका लागि कर्मचारी प्रशासन, सम्पुर्ण नगरवासी र अन्य विकास साझेदारहरु संग सहकार्य र साझेदारीको अपेक्षा राख्दै हामीलाई प्राप्त ऐतिहासिक कार्यभारलाई दृढतापुर्वक पुरा गर्ने प्रतिवद्धता जाहेर गर्दछु । हाम्रो कार्यकालमा ऐतिहासिक, सांस्कृतिक,सामाजिक रुपले विविधतायुक्त यस सुन्दर नगरी कोहलपुरलाई आन्तरिक एवं बाह्य पर्यटकहरुको गन्तब्य स्थलको रुपमा पहिचान दिलाउनका लागि आवश्यक पर्ने विभिन्न किसिमको पुर्वाधारहरुको निर्माण तथा ब्यवस्थापनका लागि सम्बन्धित सबै सरोकारवाला निकायहरुको ध्यानकर्षण गराउन चहान्छु ।

सम्मानित तेस्रो नगरसभाबाट यस नगरपालिकाको भावी दिनहरुको विकासको मार्गचित्र कोर्नका निमित्त हामीलाई प्राप्त भएको सिमित श्रोत र साधनको अधिकतम सदुपयोग गरी सबै क्षेत्र र वर्गको विकासका अधिकतम आवश्यकता पुरा गर्ने लक्ष्य राख्नुपर्ने जिम्मेवारी हामी सबैको रहन्छ । यसका लागि संघिय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, आन्तरिक श्रोत लगाएत अन्य विकास साझेदारहरुबाट प्राप्त हुन सक्ने सहयोग समेतलाई मध्यनजर गर्दै आर्थिक वर्ष : २०७५/०७६ को नीति तथा कार्यक्रम तयार गरिएको जानकारी सबैमा अवगत गराउँन चहान्छु ।

अन्तमा राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, स्वाभिमान, जनजीविका, सबै किसिमका सामाजिक विभेद तथा उत्पीडनको अन्त्य  र सामाजिक न्यायप्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवनउत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, सङ्घीयता, जनजीविका, सुशासन, समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने राजनेताहरू, नागरिक समाज,  सञ्चार जगत र सर्म्पुण जनसमुदायलाई उच्च सम्मान व्यक्त गर्दछु ।

**आदरणीय सभासद ज्यूहरू,**

अब म कोहलपुर नगरको सोच,लक्ष्य, नीति र कार्यक्रम तर्फ यहाँहरूको ध्यान आकर्षण गर्दछु ।
**१.सोच :** सामाजिक सांस्कृतिक रुपमा समृद्ध, आधुनिक भौतिक पुर्वाधारयुक्त, आर्थिक रुपले सबल र आत्मनिर्भर, विकासका दृष्टिले दिगो ,सफा , सुन्दर  र सुरक्षित नमुना सिटीका रुपमा विकास गर्ने ।
**२.लक्ष्यहरू :**

- १५ बर्ष भित्र यस नगरपालिकालाई अन्तर्राष्ट्रिय स्तरका पूर्वाधार सहित सुविधा सम्पन्न शहरका रूपमा विकसित गरिनुका साथै **सुखी, खुसी, सभ्य र समृद्ध** नागरिकहरूको शहर बनाइने छ ।

- साक्षरता, औसत आयु, खाद्य संम्प्रभुताको अधिकार, प्रतिव्यक्ति वार्षिक आयमा वृद्धि र मातृ/शिशु/बाल मृत्युदर घटाई उत्कृष्ट मानव विकास सूचकाङ्क भएको, विभेद, जोखिम, लैंगिक हिंसामुक्त सामाजिक न्याययुक्त नेपालको नमुना नगरका रूपमा विकसित गरिने छ ।:

**३. नगरको समग्र नीतिहरु :**

- भ्रष्टाचारमुक्त राजनीति र कर्मचारी प्रशासन एवं जनताप्रति जवाफदेही नगर प्रशासन वनाउन **भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन** गरिनेछ । नगर तथा वडा कार्यालयबाट दिईने सेवा सुविधाहरु पारदर्शि एवं चुस्तदुरुस्त बनाईनेछ ।
- आर्थिक सम्वृद्धि र विकासका लागि आफ्नो टोल आफै बनाउन तथा स्थानीय स्रोत साधनको प्रयोग, दक्ष जनशक्ति उत्पादन, रोजगारी, उद्यमशीलताको विकास, सहरी पूर्वाधार निर्माण र आधुनिकीकरणका लागि समाजमा रहेको विभेद, शोषण र उत्पीडनको अन्त्य गरी समाजवाद उन्मुख कार्यक्रम कार्यान्वयन गरिने छ ।
- यस नगरमा समावेश भई शहरी विकास पूर्वाधारन्यून रहेका वडाहरूमा नगर स्तरीय गौरवका कार्यक्रमहरू मार्फत सवै वडाहरूलाई समान स्तरमा पुऱ्याउदै नगरवासीहरूलाई **समृद्ध नगरका गौरवशाली** नागरिकको अनुभूति दिलाईनेछ ।
- नगरलाई सफा, सुन्दर, सुरक्षित, समृद्ध, सवल र सक्षम नमूना सिटीका रूपमा विकसित गरिनेछ ।
- गाउँब्लक, सुकुम्वासी एवं अब्यवस्थित बसोवासीहरुलाई जग्गाधनि पुर्जा (लालपुर्जा) वितरण गर्न लागि कानून अनुसार आवश्यक कामको थालनी गरिने छ ।
- सहकारी एवं निजी क्षेत्रको सहभागितामा आधारित **आत्मनिर्भर तथा समृद्ध अर्थतन्त्रको** निर्माण र विकास गर्दै नगरको समृद्धिका लागि वैदेशिक तथा बहुराष्ट्रिय लगानीकर्तालाई आकर्षित गरी अन्तराष्ट्रिय शहरहरू सँगको भगिनी सम्वन्धलाई प्रारम्भ गरिने छ ।
- वन,नदी,खोला,ताल तथा जलाधार संरक्षण गर्दै प्रदूषण नियन्त्रण गरी पर्यावरण सन्तुलन र ब्यापक जनसहभागिता मार्फत **क्लिन र ग्रिन सिटी** को रूपमा यस नगरलाई विकास गरिने छ ।

- सार्वजनिक सरकारी जमिनमा सार्वजनिक उद्यान निर्माण एवं सहरी पूर्वाधार सम्पन्न तथा सूचना प्रविधिमा आधारित **नमूना नगर** बनाइनेछ ।
- कोहलपुर नगरलाई गास, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारका साथै मनोरञ्जन, खेलकुद, कला, साहित्य, भाषा, संस्कृति आदिको संरक्षण र सुरक्षाको ज्ञारेण्टी गरी नगरलाई नेपालको पर्यटन, शिक्षा, खेलकूद, स्वास्थ्य र मनोरञ्जनको प्रमुख केन्द्रका रूपमा विकसित गरिने छ ।
- यस आर्थिक वर्षमा आमजनताका सुझावहरूलाई समेट्दै विज्ञहरूको सहयोगमा कोहलपुर नगरको अल्पकालीन तथा दीर्घकालीन विकास सम्बन्धी **विस्तृत गुरूयोजना निर्माण** गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगर आफैले विभिन्न संघ संस्था तथा दातृ निकायहरु संग समन्वय तथा सहकार्य गरी विभिन्न क्षेत्रमा लगानी गरी समृद्ध नगर निर्माणको नीति लिइनेछ ।
- नगरपालिकाको दिगो विकासका लागि महिला समुह, आमा समुह, सहकारी संस्थाहरु, बालक्लब, किशोरी क्लब, यूवाक्लब लगाएत टोल विकास संस्थाहरु मार्फत व्यापक जनपरिचालन गरी **सामाजिक पूँजिको** (**Social Capital)** निर्माण र विकास गर्ने नीति लिईने छ ।
- नगरपालिका क्षेत्रमा हुने विपद्को व्यवस्थापनका लागि खडा भएको **विपद् व्यवस्थापन कोषलाई** कार्यविधी अनुसार प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- नगरवासीको आधारभूत आवश्यकताई पहिलो प्राथमिकतामा राखी बजेट बिनियोजन गरिने नीति लिईने छ ।

**सभासद् मित्रहरू,**
यस कोहलपुर नगरपालिकाले आर्थिक वर्ष : २०७५/०७६ को लागि निम्नानुसारका क्षेत्रगत कार्यहरु गर्ने नीतिगत व्यवस्था गरेको छ ।

**१) आर्थिक क्षेत्र :** आर्थिक विकास नै विकासको मेरुदण्ड हो । आर्थिक क्षेत्र विकास नभै कुनै पनि राष्ट्र समृद्ध र आत्मनिर्भर हुन सक्दैन । संघिय सरकारले ल्याएको **"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने नारालाई स्थानिय स्तरमा नै जनताले अनभुति हुने गरी आर्थिक कार्यक्रमलाई अगाडी बढाउन यस नगरपालिकाले आ.व. : २०७५/०७६ मा आर्थिक क्षेत्रमा तपशिल बमोजिमका कार्यहरु नीति लिएको छ ।

**१.१ कृषि तथा पशुपालन :**

- कृषिमा आयात प्रतिस्थापनको संम्भावना भएका वालीहरुको विकास गरी उत्पादनलाई बृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यातमा प्राथमिकीकरण गरिने छ । **एक वडा एक उत्पादन पकेट क्षेत्रको** निर्धारण गरी कृषिलाई बढावा दिईने छ । कृषिका योजना तथा कार्यक्रमहरु कृषकको घरदैलोमा नै पुग्ने गरी कार्यान्वयन गरिनेछ ।
- कृषि पेशालाई ब्यवसायिकरण गर्न ब्यवसायिक खेती, सहकारी खेती, करार खेती प्रणाली अवलम्बन गरी कृषकलाई प्रोत्साहित गरिनेछ । प्रदेश सरकारसंगको सहकार्यमा करार खेति कार्यक्रम अगाडी बढाईने छ । खेतियोग्य जमिनलाई अनियन्त्रित खण्डिकरणलाई निरुत्साहित गरिनेछ ।
- जैविक खेति प्रणालिलाई प्रोत्साहन गरिनेछ ।कुनै विशेष क्षेत्रलाई प्राङ्गारिक क्षेत्र घोषणा गरी प्राङ्गारिक खेतीको विकास र विस्तार गरिने छ ।
- कृषि कर्जा कृषकहरुले सजिलै प्राप्त गर्ने ब्यवस्था मिलाउन वित्तिय संस्थाहरु संग आवश्यक समन्वय र सहकार्य गरिने छ । कृषि तथा पशु विमालाई किसान मैत्रि बनाउनका लागि सम्बन्धित विमा कम्पनीहरु संग आवश्यक सहजिकरण एवं नियमन गरिनेछ । खेतीयोग्य जमिनलाइ वाझो राख्ने कार्यलाई निरुत्साहित गर्ने नीतिगत व्यवस्था गरिने छ ।

- पशुपालनलाई आधुनिकीकरण र व्यवसायमुखी बनाउदै नगरलाई खाद्यान्न, तरकारी ,मासु ,दुध र अण्डा उत्पादनमा आत्मनिर्भर वनाइनेछ । घाँसमा आधारित पशुपालन ब्यवसायको विकास तथा प्रवर्द्धन गर्न घाँसको विउ लगाएत बेर्ना वितरण तथा घाँस उत्पादन पकेट क्षेत्रको विकास र विस्तार गरिनेछ ।
- कृषिको क्षेत्रगत विकास गर्नका लागि कोहलपुर वडा नं. १३ बाट **"नगर प्रमुख कृषि आधुनिकिकरण कार्यक्रम"** यसै वर्षदेखि संचालनमा ल्याईने छ ।
- कोहलपुर वडा नं. ११ दशविगाह र वडा नं. १५ हलदारपुमा रहेको तरकारी तथा फलफुल कृषि हाट बजार तथा पशु हाट बजार स्थल लाई आधुनिक र प्रविधियुक्त बनाईने छ । अन्य स्थानमा कृषि तथा पशुजन्य उपजको सङ्कलन र विक्रीका लागि कृषि बजार केन्द्रहरु, शीत भण्डारण एवं चिस्यान केन्द्रहरु बनाउन संम्भाव्यता अध्ययन गरिने छ ।
- छाडा चौपाया नियन्त्रणका लागि आवश्यक नियम बनाउँदै चौपाया छाडा छोड्नेहरुलाई कारवाही गरिने छ । छाडा चौपाया नियन्त्रण तथा ब्यवस्थापनका लागि आवश्यक काम गरिनेछ ।
- नगर स्तरिय कृषक संजाल गठन गरी **कृषि तथा पशुपालन** को क्षेत्रमा हुने कामका लागि आवश्यक सहजीकरण एवं सहकार्य गरिनेछ । कृषकहरुलाई कृषि सम्बन्धि सुचना प्रदान गर्नका लागि कृषि सुचना केन्द्रको स्थापना गरी संचालन गरिनेछ । कृषकहरुलाई आवश्यक तालिम, गोष्टी तथा अध्यनअवलोकन भ्रमण कार्य गरी कृषकहरुको ब्यवसायिक ज्ञान, सिप र ब्यवसायिक क्षमता गरिने छ ।
- परापुर्वकाल देखि नै पशुपालन पेशा गरिरहेका मधेसी समुदायका यादव र खटिक समुदायलाई आधुनिक पशुपालनको क्षेत्रमा ज्ञान,सीप र क्षमता विकास गर्नका लागि आवश्यक तालिम र तथा अन्य सहयोग गरिनेछ ।
- कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्नका लागि कृषि यान्त्रिकरण कार्यक्रम कृषकहरु तथा कृषक समुहहरुको लागत साझेदारी रहने गरी संचालन गरिने छ । सामुहिक कृषि तथा पशुपालन कार्यलाई प्रोत्सहान गरिनेछ ।
- कोहलपुर वडा नं.१३, १२, १०, ०८, ०७, ०२ र ०१ का करिव २५०० घरधुरीका साना किसानहरुका लागि **साना किसान सुदृढिकरण कार्यक्रम** लागु गरिनेछ । यस कार्यका लागि स्थानिय संघ संस्था र दातृ निकाय संग साझेदारी गरिनेछ ।
- पशुपालन गरिरहेका कृषकहरुलाई प्रोत्साहन गर्न र पशुलाई सुत्केरी भएको अवस्थामा आवश्यक पोषण परिपुर्तीका लागि **सुत्केरी भत्ता कार्यक्रम** यसै वर्ष देखि संचालन गरिनेछ ।
- कृषकहरुलाई उन्नत बिउबिजन र मलमा सहयोग गरिनेछ । कृषि तथा पशुपालन क्षेत्रमा राम्रो काम गर्ने उत्कृष्ट कृषकहरुलाई छनौट गरी पुरुस्कृत गरिनेछ ।
- कोहलपुर वडा नं.१३ को सिमरी गाउँमा प्रारङ्गिक मल उत्पादन केन्द्र स्थापना गर्न प्रदेश सरकार संग अनुरोध गरिने छ । यस कार्यमा नगरपालिकाको तर्फ साझेदारी विकास गरिने छ ।

## १.२.सहकारी एवं वित्तीय संस्था :

- संघिय सरकारको तिनखम्बे अर्थनीतिलाई कोहलपुर नगरपालिका भित्रमा ब्यवहारिक प्रयोग गर्दे, नगरक्षेत्र भित्रका सबै सहकारीहरुको तथ्याङ्क संकलन गरी क्षेत्रगत वर्गिकरण गरिनेछ । सहकारी क्षेत्रको विकास र प्रवर्द्धन का लागि आवश्यक काम गरिनेछ । वित्तिय संस्थाहरु र सहकारी मार्फत **"समृद्धिको यात्रा सहकारी र बैंकहरूसँगको सहयात्रा"** को नारालाई सार्थक पार्न आवश्यक काम गरिने छ ।

- दैनीक उपभोग्य वस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य उत्पादन, वितरण र विक्री गर्ने सहकारीलाई विशेष छुट तथा अनुदानको व्यवस्था गरिनुका साथै प्रमुख बस्तीहरूमा सुपथ मूल्यका सहकारी पसल सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- नागरिकहरूलाई उत्पादन कार्य र आयआर्जनमा सहभागी बनाउन परम्परागत ज्ञान तथा सिपमा आधारित स्थानीय कुटिर उद्योग, लघु उद्यम, साना सेवा वा व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थासँगको समन्वयमा सरल र विनाधितो ऋणको व्यवस्थाका लागि पहल गरिने छ ।
- महिला बचत समुह तथा महिला सहकारी संस्थाहरुको संस्थागत क्षमता विकास गरिने छ । अति विपन्न वर्गमा नियमित रुपमा वचत गर्ने वानी विकास गर्न प्रोत्साहन गर्ने नीति अवलम्वन गरिने छ ।

**१.३ .स्थानीय बजार व्यवस्थापन :**

- कोहलपुर नगरभित्रका साना ठूला व्यवसाय तथा पसलहरूलाई ब्यवसाय दर्ता गरी सबैको तथ्याङ्क अध्यावधिक गरिनेछ । **उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन** कार्यलाई थप प्रभावकारी एवं ब्यवस्थित बनाई उपभोक्ताको हक र हितलाई संरक्षण गरिने छ ।
- फुटपाथ, ठेलागाडा र घुम्ती व्यवसायीहरुलाई ब्यवस्थापन गरी करको दायरामा ल्याईने छ ।
- सहरका मुख्य भागहरूमा पार्किङ्ग सुबिधा सहितका सुपरमार्केट र ब्यापारिक मल सञ्चालन गर्ने ब्यवसायीहरुलाई लाग्ने करमा २५ प्रतिशत छुट दिईनेछ ।
- नगरक्षेत्र भित्र ब्यवसाय गरिरहेका उद्योगी, ब्यवसायीहरुको सुरक्षाका लागि औधोगिक सुरक्षा दस्तालाई थप प्रभावकारी बनाईनेछ ।
- स्थानिय समुदायले उत्पादन गरेका हस्तकलाका सामग्रीहरुको उचित बजारीकरण गर्नका लागि **कोशेली घरको** संचालन गरिने छ ।

**१.४ .अन्य सिपमुलक तथा आयमुलक कार्यक्रमहरु :**

- विपन्न महिलाहरुका लागि आय-आर्जन तथा सिपमुलक कार्यक्रम मार्फत स्वरोजगारीको अवसरहरु सृजना गरिनेछ ।
- परम्परागत देखि नै आफ्नो पेशा ब्यवसायमा लागेका दलित तथा आदिवासी जनजाति समुदायको परम्परागत सिप तथा पेशालाई आधुनिकिकरण र बजारीकरण गर्नका लागि आवश्यक सिपमुलक तालिम र प्रविधि प्रदान गरिनेछ । कृषि औजार निर्माण तथा मर्मत केन्द्रको स्थापना र संचालन गरिनेछ ।
- बेरोजगार युवाहरुलाई आवश्यक सिप, प्रविधि, अनुदान र सहुलियत ऋणको व्यवस्था गर्न प्रदेश तथा संघीय सरकार तथा अन्य सरोकारवाला पक्षहरुसंग आवश्यक समन्वय गरी स्वरोजगारीका लागि प्रोत्साहित गरिने छ । रोजगारी सिर्जना गर्ने उद्योग, व्यबसाय र सेवालाई कर छुटको व्यवस्था गरिने छ । विपन्न तथा गरिव वर्गका युवाहरुलाई विभिन्न सिपमुलक तथा आयमुलक कार्यक्रम गरी स्वरोजगार बनाईने छ ।

**१.४.पर्यटन :**

- समग्र कोहलपुर क्षेत्रमा रहेका धार्मिक, साँस्कृतिक, प्राकृतिक आकर्षणका सम्पदाहरुलाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्न, पर्यटन गतिविधिको विकास र विविधीकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । कोहलपुर नगरपालिका वडा नं. १२ मा रहेको सृजना सामुदायिक वनको क्षेत्रमा रहेको भ्युटावर पार्क पिकनिक स्पट, चिल्ड्रेन पार्क, वडा नं.१३ को जैविकपार्कको निर्माण तथा स्तरबृद्धिका लागि आवश्यक काम गरिनेछ । वडा नं.१४ मा रहेको बैजनाथपुर सामुदायिक वनलाई पर्यापर्यटनको रुपमा विकास गरिने छ ।
- कोहलपुर नगरपालिकामा संचालन भएका होमस्टेहरुलाई विकास र प्रर्वद्धन गर्नका लागि आवश्यक काम गरिनेछ ।

- आदिवासी थारु समुदायको वसोवास रहेको वडा नं.१५ को चन्नहवा र ५,६ को रझेना गाउँमा थारु समुदायको परम्परागत पेशा र संस्कृतिमा आधारित **थारु सांस्कृतिक सेन्टरको** स्थापना एवं संचालन गरिनेछ ।
- यस नगरपालिकाका आदिवासी जनजाति थारु समुदायको संस्कार झल्कने र अन्य जाति जनजाति समुदायको पहिचान, संस्कार झल्कने गरी संग्राहालयको निर्माण गरिनुका साथै सांस्कृतिक गाँउहरुको पहिचान र विकास गरी पर्यटन प्रवर्धन गरिने छ ।
- बाँके राष्ट्रिय निकुञ्ज विश्वको दुर्लभ बन्यजन्तु पाटेबाघको संरक्षणको लागि स्थापना भएको हुदा उक्त राष्ट्रिय निकुञ्जको प्रवेश विन्दु रक्षा सामुदायिक वनमा पवित्र धार्मिक स्थल कैलाश मानसरोवरको स्तम्भ सहित अत्याधुनिक बोटानिक पार्क निर्माण र विश्वको सबैभन्दा ठुलो बाघको मुर्ति स्थापनाका लागि प्रदेश र संघिय सरकार संग आवश्यक पहल गरिनेछ ।
- नगरक्षेत्र भित्रका पर्यटन व्यवसाय संग सम्बन्धित होटेल ब्यवासीहरु, ट्राभल एजेन्सी, होमस्टे संचालकहरुलाई पर्यटन ब्यवसाय प्रवर्द्धनका लागि आवश्यक सहजिकरण एवं प्रोत्सहान गरिनेछ ।
- कोहलपुर वडा नं. स्थित ०३ स्थित मैटहवामा रहेका अन्दाजी ५ विघा क्षेत्रफलमा फैलिएका सार्वजनिक तालहरुलाई नगरको मातहतमा ल्याई फनपार्कको रुपमा विकास गर्न आवश्यक संभाब्यता अध्यन गरिने छ ।

२) **सामाजिक क्षेत्र :** सामाजिक क्षेत्रको सन्तुलित विकास हुन सकेमा मात्र दिगो र सन्तुलित विकास सम्भव छ । नेपालको संविधानले ब्यवस्था गरेको मौलिकहकको कार्यान्वयन, दिगो विकासका लक्ष्यहरु तथा नेपालले अर्न्तराष्ट्रिय जगतमा गरेका प्रतिवद्धताहरुलाई पुरा गर्ने, लक्षित वर्गको शसक्तिकरण, क्षमता विकास र सामाजिक न्यायको प्रत्याभूति प्रदान गर्नका लागि सामाजिक क्षेत्रमा निम्नानुसारका काम गर्ने नीति लिईएको छ ।

### २.१. शिक्षा तथा खेलकुद :

- नगरपालिका भित्र आधारभूत तहसम्म अध्यनरत सबै बालबालिकाहरुलाई शिक्षा उपलव्ध गराउने राष्ट्रिय नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । विद्यार्थी अनुपातमा विद्यालयहरुलाई अनुदानको ब्यवस्था गरिनेछ ।
- नगरपालिका भित्र संचालनमा रहेका शैक्षिक परामर्श सेवा केन्द्र, निजीस्तरमा सञ्चालित ट्यूशन तथा कोचिङ सेन्टर, भाषा तालिम तथा प्रशिक्षण केन्द्रलाई नियमन र ब्यवस्थित गरिने छ ।
- वागेश्वरी बहुमुखि क्याम्पसको पुर्वाधार विकास तथा स्तरउन्नती गर्नका लागि आवश्यक काम गरिनेछ ।
- सरोकारवालाहरु संग समन्वय गरी **साक्षर नगर घोषणा** गर्न आवश्यक पहल गरिने छ ।
- विद्यमान शैक्षिक असमानता अन्त्य गर्नका लागि कोहलपुर नगरपालिका क्षेत्र भित्रका सबै विद्यालयहरुमा **एकै प्रकारको विद्यालय पोशाक र पाठ्यक्रम** लागु गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धिका लागि आवश्यक पर्ने पुर्वाधार विकास, सुचना प्रविधि, शैक्षिक सामग्री, विज्ञान प्रयोगशाला लगाएत शिक्षकको दरबन्दी मिलान गरी शैक्षिक गुणस्तर बृद्धि गरिनेछ । नगरपालिका क्षेत्रका सामुदायिक विद्यालयमा **एक विद्यालय एक प्राविधिक विषय** कार्यक्रम लागु गरिनेछ ।

- नगरक्षेत्रमा खेलकुदको विकास र विस्तार गर्नका लागि **मेयर कप र राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता** संचालन गरिने छ । "**महिला क्रिकेट हाम्रो शान, कोहलपुरको पहिचान"** अभियानलाई जिवन्त राख्न महिला क्रिकेट प्रतियोगिता संचालन गरिने छ ।
- सम्पूर्ण निजी विद्यालयहरुको मापदण्डको मुल्याङ्कन अनुगमन गरिनेछ । मापदण्ड पुरा नगरेका निजी विद्यालयको सम्बन्धन खारेज गरिनेछ ।
- सामुदायिक विद्यालयको गुणस्तर बृद्धिका लागि सिकाई उपलब्धीको मापन गरी उत्कृष्ट हुने विद्यालयलाई पुरस्कृत गरिनेछ । नगर शिक्षा समिति मार्फत मुल्याङ्कन अनुगमनको मापदण्ड तयार गरी मुल्याङ्कन अनुगमन कार्यलाई थप प्रभावकारी एवं व्यवस्थित गरिनेछ । नगरक्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुको स्तरोन्नती गरी आधुनिक सुविधायुक्त नमुना विद्यालयको रुपमा विकास गरिने छ ।
- सामुदायिक विद्यालयका सम्पुर्ण शिक्षकहरुको **कार्य सम्पादनमा आधारित संझौता** गरिनेछ । सो अनुसार कार्यसम्पादनमा उत्कृष्ट हुने शिक्षकलाई पुरुस्कृत तथा पुरा नगर्ने शिक्षकलाई कारवाहीको दायरामा ल्याईनेछ ।
- विपन्न दलित बालबालिकाहरुलाई शैक्षिक सामग्री तथा विद्यालय पोशाकको व्यवस्था गरिनेछ । प्राविधिक तथा उच्चशिक्षा अध्यनरत दलित विद्यार्थीहरुका लागि छात्रबृत्तिको व्यवस्था गरिनेछ ।
- त्रिभुवन नमुना माध्यामिक विद्यालयलाई **नमुना विद्यालय सुधार गुरुयोजना अुरुप भौतिक निर्माण अनुदान कार्यक्रम** संचालन गरिने छ ।

## २.२. आधुभूत स्वास्थ र सरसफाई :

- "**हाम्रो अभियान स्वच्छ , सुन्दर र हरित कोहलपुर नगर अभियान"** कार्यक्रमलाई निरन्तरता दिईनेछ । नगरभित्र फोहर व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहरमैला सङ्कलन गर्ने उचित व्यवस्था मिलाइने छ ।
- सामुदायिक विद्यालयका माध्यामिक तहमा अध्यनरत छात्राहरुको स्वास्थ्य र सरसफाईको लागि सेनेटरी प्याडको व्यवस्था गरिनेछ । कोहलपुर नगरपालिका लाई प्लाष्टिक झोलामुक्त क्षेत्र बनाउन आवश्यक कार्य गरिने छ । नगर भित्रका आवश्यक स्थानमा सार्वजनिक शौचालयको निर्माण र सञ्चालन गरिने छ ।
- आधुनिक पशु बधशाला तथा सफा र स्वास्थ्य मासु पसलहरुको निर्माण गरिनेछ ।
- नागरिकहरुको स्वास्थलाई उच्च प्राथमितामा राख्दै औषधिहरु गुणस्तरिय ,सरल र सुलभ रुपमा उपलब्ध गराउन औषधि पसलहरुको नियमित रुपमा अनुगमन कार्य गरिनेछ ।निजीस्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरुलाइ व्यवस्थित र नियमन गरिने छ ।
- यस कोहलपुर नगरक्षेत्रमा थारु समुदायको बढी बसोवास रहेको र यस समुदायमा गम्भिर स्वास्थ्य समस्याको रुपमा रहेको सिकलसेल एनिमिया रोगको समयमै पहिचान गरी उपचारमा सहजता ल्याउनका लागि नगर स्वास्थ्य शाखामा **सिकलसेल एनिमिया परिक्षणको** व्यवस्था यसै वर्ष देखि थालनी गरिने छ ।
- कोहलपुर नगर क्षेत्रमा बढीरहेको फोहोर व्यवस्थापन गर्न जसले फोहर गर्छ उसैले नै सफा गर्नु पर्दछ भन्ने मुल्य र मान्यतालाई आत्मसाथ गर्दै प्रत्येक घर तथा व्यवसाय बाट उत्पादित फोहोरको मात्रा अनुसार फोहोरमैला कार्ड बनाई **सरसफाई शुल्क लिने** व्यवस्था मिलाइने छ । फोहर संकलन तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको साझेदारी र सहकार्यलाई व्यवस्थित रुपमा परिचालन गरिने छ ।

- प्रत्येक पसल तथा घरधनीले आफै **२ वटा डस्टविन अनिवार्य रुपमा राख्नु** पर्ने नियमलाई कडाईका साथ लागु गरिनेछ । सोको कार्यान्यन र नगरलाई पुर्ण सरसफाईयुक्त बनाउनका लागि वडा समिित, नागरिक समाज तथा टोल विकास संस्थाहरुलाई परिचालन गरिने छ ।
- कोहलपुर स्वास्थ्य चौकि लाई स्तरोन्नती गरी सामुदायिक अस्पताल संचालन गर्न आवश्यक पहल गरिने छ ।
- महिला स्वास्थ्य स्वंयसेविकाले हाल दिदै आएको मासिक यातायात तथा चाडपर्व खर्चलाई निरन्तरता दिईनेछ ।
- आयुर्वेद औषधालय र योग प्रक्षिणलाई  नगरका सबै वडामा विस्तार गरिनेछ ।

**२.३.लैगिंक समानता तथा समाजिक समावेशिकरण :**

**क.जेष्ठ नागरिक र अपाङ्ग :**

- **अशक्त जेष्ठ र अपाङ्गता भएका** नागरिकलाई सम्बन्धित वडा कार्यालयको सिफारिसमा समन्वय गरी सामाजिक सुरक्षा भत्ता घर-दैलोमा गई प्रदान गरिनेछ ।
- एकल महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, टुहुरा, सीमान्तकृत र लोपोन्मुख समुदायको सामाजिक सुरक्षाको ग्यारेन्टी गर्दै यातायात, स्वास्थ्य र शिक्षा सेवामा निःशुल्क गर्न सबै सरोकारवाला निकायहरु संग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- प्रत्येक वडामा **जेष्ठ नागरिकहरुका लागि एकिकृत स्वास्थ्य शिविर** संचालन गरिनेछ ।

**ख) महिला तथा वाल-वालिका :**

- एकल महिला, हिंसा पिडित, द्वन्द्ध पिडित महिला तथा पछाडि पारिएका महिलाहरुको लागि नेतृत्व क्षमता विकास, जनचेतनामूलक तथा सशक्तिकरण कार्यक्रम संचालन गरिने छ । कोहलपुर नगरपालिकालाई **लैंगिक हिंसामुक्त नगर** घोषणाका लागि आवश्यक काम गरिने छ ।
- लागु औषध, दुर्व्यसनी, मानव बेचविखन र ओसार पसार ,असुरक्षित बसाईसराई को विषयमा आवश्यक संचेतनामूलक तथा पूर्नस्थापनाका कार्यहरु गरिने छ ।
- कोहलपुर नगरपालिकालाई **बालमैत्रि स्थानिय शासन(CFLG)कार्यक्रम** लागु गर्न अन्य साझेदार संस्थाहरुको सहकार्य र साझेदारीमा आवश्यक कार्यक्रम संचालन गरिनेछ । अनाथ तथा जोखिमयुक्त वालवालिकाका लागि **सामाजिक सुरक्षा कार्यक्रम** लागु गरिनेछ ।
- महिलाहरुको संगठन मार्फत सामाजिक पुँजिको निर्माण गर्दै समाजमा हुने लागुपदार्थ सेवन, घरेलु हिंसा,बालविवाह तथा चेलिबेटि बेचविखन आदि नियन्त्रण लगाएत समाजमा हुने सबै खालका विसंगती र विकृतिका विरुद्धमा महिला सहकारी संस्था, किशोरी संजाल , बालक्लब संजाल र आमा समुहको क्षमता विकास गरी प्रभावकारी रुपमा परिचालन गरिने छ ।

**ग)आदिवासी जनजाति :**

- आदिवासी जनजाति, मुस्लिम, सिमान्तकृत, अल्पसंख्यक र लोपोन्मूख वर्गहरुको लगत संकलन गरिनेछ । यि समुदायको उत्थान र विकासका लागि विशेष कार्यक्रम संचालन गरिनेछ । थारु समुदायको आफ्नै मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउन पाठ्यपुस्तक बनाई  लागु गर्नका लागि प्रदेश सरकार संग पहल गरिनेछ ।
- कोहलपुर न.पा. वडा नं.१५को चन्नहवा गाउँ थारु समुदायको मात्र बाहुल्य भएकाले **'थारु समुदाय र थारु संस्कृति विशेष संरक्षण क्षेत्र'** घोषणा गरी यस समुदायको परम्परा, संस्कृति, संस्कार, भेषभूषा आदिको संरक्षण, प्रवर्द्धन र विकास गर्दै पर्यटकीय गाउँको रुपमा होमस्टे निर्माण आदिका लागि संघीय सरकार समक्ष आवश्यक पहल गरिने छ ।

- आदिवासी जनजाति समुदायका युवायुवतिहरुको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- आदिवासी जनजाति समुदायको परम्परागत पेशा, व्यवसाय र लोपोन्मुख कला, ज्ञान र सिपको पहिचान गरी सोको संरक्षण तथा सम्बर्धनका लागि आवश्यक कार्यक्रम बनाई लागू गरिनेछ ।

**घ) दलित तथा अन्य विपन्न वर्ग :**

- विपन्न घरवास विहिन गर्न्धब र बादि समुदायका लागि **जनता आवास कार्यक्रम** प्रदेश सरकार संगको सहकार्यमा लागु गरिनेछ ।
- विपन्न दलित बालवालिकाहरुको लागि ड्रेस र स्टेशनरीको ब्यवस्था गरी शिक्षामा आर्कषित गरिनेछ ।
- दलितहरुमाथी हुने जातिय छुवाछुत एवं भेदभावको न्युनिकरणका लागि जातिय भेदभाव कसुर र सजाय ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । दलित वर्गहरुको सामाजिक विकास, शसक्तिकरण र क्षमता विकासका कार्यक्रम संचालन गरिने छ ।

**ङ) युवा वर्ग :**

- युवाहरुलाई स्वस्थ र अनुशासित बनाउनको लागि खेलकूदको विकास र युवा खेलकूद प्रतियोगिता संचालन गरिने छ । युवाहरुलाई आवश्यक पर्ने खेल सामग्री उपलब्ध गराईने छ ।
- युवाहरुमा बढिरहेको लागु औषध दुर्व्यसनिको रोकथामका लागि संचेतनामूलक कार्यक्रम संचालन गरिने छ । सबै वडामा युवा क्लबहरुको गठन गरी युवा क्लबहरु मार्फत सिर्जनात्मक काम गर्नका लागि प्रोत्साहन गरिने छ ।
- युवाहरुलाई स्वरोजगार उद्यमशिल बनाउन आवश्यक सिप तथा क्षमता विकासका कार्यक्रमहरु गरिने छ ।

**च) श्रमिक वर्ग :**

- नगरक्षेत्रमा काम गर्ने श्रमिक वर्गको हक, हित र सामाजिक सुरक्षाको ज्ञारेण्टी गर्न श्रमिकहरुको पञ्जिकरणका लागि श्रम संगठनहरु संग समन्वय गरी काम गरिने छ । श्रमिक हेल्पडेस्क संचालनका लागि आवश्यक पहल गरिने छ ।
- श्रमिक वर्गको पारिवारिक दायित्वलाई सहयोग गर्नका लागि आश्रित परिवार र वालवच्चाहरुको लागि निशुल्क शिक्षा, सिप तथा आयमुलक तालिम, स्वास्थ्य तथा जिवनबिमाका लागि आवश्यक पहल गरिने छ ।
- नगरपालिकाले संचालन गर्ने सिपमुलक तथा ब्यवसायिक तालिम कार्यक्रमहरु श्रमिक संगठनहरु संगको समन्वयमा संचालन गर्ने ब्यवस्था गरिने छ ।

**छ) भाषा, संस्कृति तथा ललितकलाको संरक्षण र विकास :**

- कोहलपुर १२ स्थित रामजानकि मन्दिरलाई धार्मिक पर्यटकिय स्थलको रुपमा घोषणा गरी आवश्यक पुर्वाधारको विकास गर्ने ।
- नगरभित्र आपसी सामाजिक सद्भावलाई सुदृढ तुल्याउन साँस्कृतिक पर्वहरु बडका अट्वारी, गुडिया पर्व, नागपञ्चमी, मोहरम, होली, माघे संक्रान्ति आदिलाई प्रादेशिक र स्थानिय पर्वको मान्यता दिलाउन आवश्यक कार्य गरिने छ ।
- नगरपीलिका क्षेत्रमा शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य आदिको विकासमा योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई **नवरत्न पदकले** सम्मानित गरिने कार्यको थालनी गरिने छ ।

**ज).स्थानीय मेलमिलाप तथा मध्यस्थता :**

- नागरिकहरूको गुनासा तथा नागरिकहरु विचमा स-साना विवादहरुलाई स्थानिय स्तरमै संवोधन गर्न मेलमिलाप तथा मध्यस्थता सेवालाई वडा स्तरमा विस्तार गरी प्रभावकारी बनाइनेछ ।

- मेलमिलाप तथा मध्यस्थताबाट समाधान हुन नसकेका मुद्धाहरुलाई समयमा नै सुनुवाई गर्नका लागि नगर न्यायिक समितिका कार्यलाई थप व्यवस्थापन, प्रभावकारी र सर्वसुलभ बनाइने छ ।

**३) पुर्वाधार क्षेत्र :** देश समृद्धिको मुल मेरुदण्ड भौतिक पूर्वाधारको विकास नै हो । पुर्वाधारलाई दिगो, भरपर्दो र बैज्ञानिक बनाउन सके मात्र हामीले आशा गरेको लक्ष्य प्राप्ती गर्न सकिन्छ । यस आर्थिक वर्षमा कोहलपुर नगरपालिकाको तर्फबाट पुर्वाधार क्षेत्रको विकासका लागि निम्नानूसारको कामहरु गर्ने नीति लिईनेछ ।

**३.१.सडक र सिंचाई :**

- कृषि सडकहरूको स्तरोन्नति र विस्तार गर्नुका साथै नगर भित्रका कृषि तथा पशुपालन क्षेत्रहरूलाई नगरको मूल बजारमा जोड्नका लागि आवश्यक कृषि सडक सञ्जाल निर्माण गरिने छ ।
- प्रत्येक वडाका केन्द्रलाई टोल र गाउँहरूसंग जोडने सडकहरूको विस्तार र स्तरोन्नति गरिने छ । नगरभित्र र बाहिर चक्रपथको निर्माण गर्न **विस्तृत योजना प्रतिवेदन (DPR)** तयार गरिने छ ।
- रोहणी खोला, किरण खोला, डुडुवा खोला लगाएतका क्षेत्रहरूमा आवश्यकता अनुसार पुल, पुलेसा र कजवे निमार्ण गर्न सम्भाव्यता अध्ययन गरिने छ ।
- नगरभित्रका खेतीयोग्य जमिन तथा बाँझो जमिनमा आवश्यक सिंचाईको व्यवस्था गरी कृषि उत्पादन बढाइने छ । डुडुवा नालामा रानीघाट देखि रजगढवा सम्म दुबै तर्फ **'स्टोन टर्फिङ'** को तटबन्ध सहितको **ग्रिन बेल्ट र डबललेनको** कालोपत्रे सडक निर्माणका लागि प्रदेश तथा संघीय सरकार संग समन्वय र सहकार्यमा गरिने छ ।
- पाँच वर्ष भित्र राप्ती सोनारी गाउँपालिका वडा नं. ९ को बालापुरदेखि सिक्टा सिचाईको मूल नहरबाट सहायक नगर बालापुर हुँदै कोहलपुर नगरपालिकाको खड्कवार, बानियाभार, नौवस्ता हुँदै सिक्टाको मूल नहरमा जोड्ने र उक्त स्थानमा सिंचाई सुविधाको लागि आवश्यक स्थानमा क्यानल सहितको नहर निर्माण गर्न संघिय सरकार संगको समन्वयमा पहल गरी कार्य अगाडी बढाइने छ ।
- कोहलपुर नगरपालिका-११मा रहेको प्रस्तावित अन्तराष्ट्रिय क्रिकेट मैदानलाई सुविधा सम्पन्न स्टेडियमको रुपमा निर्माण गर्न प्रदेश र संघिय सरकार संग समन्वय गरी पहल गरिने छ ।

**३.२. घरजग्गा धनीपुर्जा वितरण तथा भू–उपयोग नीति :**

- बिगत लामो समय देखि बसोवास गरिरहेका अव्यवस्थित, सुकुम्बासी तथा भुमिहिनहरुको तथ्याङ्क संकलन गरी बहाल बिटौरी शुल्क लिईनेछ । जग्गाधनि पुर्जा वितरण गर्न प्राथमिकताका साथ आवश्यक काम गरिने छ ।
- सम्पूर्ण नगरपालिका क्षेत्रमा नापी नक्सा, घर/जग्गा धनीपुर्जा र घर नम्बरलाई मिलान गरी **भौगोलिक सूचना प्रणाली (GIS)** मा आधारित अद्यावधिक अभिलेख तयार गर्ने अभियान शुरू गरिने छ ।नगरपालिका क्षेत्रमा जग्गा खण्डीकरण गरी विना स्वीकृति प्लानिङ्ग गर्ने कार्यलाई कानूनी दायरामा ल्याउन एकीकृत जग्गा विकास योजना स्वीकृति नलिएसम्मका लागि कित्ता काट गर्ने र नक्सापास तथा अन्य भौतिक संरचनाको निर्माणको लागि सिफारिस तथा स्वीकृति रोक्का राख्ने नीति लिइनेछ । यस नीतिको विपरित गएमा सम्वन्धित जनप्रतिनिधि र कर्मचारीहरूलाई कानून बमोजिम कारवाहीको दायरामा ल्याइनेछ ।
- सार्वजानिक जग्गा संरक्षण निर्देशिका तयार गरि सबै सरकारी सार्वजनिक जग्गा नगरपालिकाको मातहतमा ल्याऊने व्यवस्था गरिने छ ।
- यस नगरपालिका क्षेत्रमा विद्यमान रहेको जग्गा,बाटो ,घर तथा अन्य क्षेत्रको कित्ता र क्षेत्रफलको समस्या समाधानका लागि **डिजिटल प्रविधिमा आधारित नाप नक्शाङ्कन** गर्नका लागि संघिय सरकार तथा सम्बन्धित निकाय संग आवश्यक समन्वय गरी काम गरिनेछ ।

**३.३. खानेपानी, ऊर्जा र वैकल्पिक ऊर्जा :**

- कोहलपुर नगर भित्रका ग्रामीण बस्तीमा **एक घर एक धाराको व्यवस्था** गर्नुका साथै नगरका व्यस्त क्षेत्रहरू तथा सार्वजनिक स्थलमा धाराबाट सोझै पिउन मिल्ने शुद्ध पानीको व्यवस्था गर्न आवश्यक काम गरिने छ । विराट खानेपानी, शमशेरगंज खानेपानी र मदनचौक खानेपानी आयोजनालाई समयमै सम्पन्न गर्नका लागि सम्बन्धि निकायमा आवश्यक पहल र समन्वय गरिने छ ।
- अव्यवस्थित एवं अनाधिकृत रूपमा बोरीङ गरी खानेपानी विक्रिवितरण गर्ने कार्यलाई व्यवस्थित गर्दै खानेपानी संस्थानको सिफारिसमा स्वीकृत लिएर मात्र कार्य गर्नका लागि अनुमति प्रदान गर्ने नीति लिईने छ । आगामी ५ वर्ष भित्र नगरपालिकाका १५ वटै वडाहरुमा स्वच्छ, सफा र सुरक्षित खानेपानीको आपुर्ति हुने ब्यवस्था मिलाईने छ ।
- कुनै अवस्थामा खानेपानी र विद्युत सेवा अवरोध हुने भएमा त्यसको पूर्व जानकारी नगरवासीलाई गराइने ब्यवस्था मिलाउन पहल गरिने छ ।
- सोलार ऊर्जा जडानमा अनुदान र छुटको व्यवस्थासहित नगरका सबै टोलका सडकहरूमा सोलार बत्ती जडान गरी **उज्यालो नगर अभियान** कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ ।
- सार्वजनिक शौचालयहरूमा बायोग्यास प्लाण्ट जडान गर्ने व्यक्ति वा संस्थालाई प्राविधिक सहयोग सहित अनुदानको व्यवस्था गरिने छ ।

**३.४.सुचना तथा सञ्चार :**

- नगरभित्र सञ्चालनमा रहेका र सञ्चालनमा आउने एफ.एम.रेडियो, पत्रपत्रिकाहरु तथा टी.भी.को प्रसारण, सञ्चालन, दर्ता, नवीकरण आदि कार्य व्यवस्थित गरिने छ । सामुदायिक रेडीयोको विकास र यस क्षेत्रमा कार्यरत संचारकर्मीहरुको ज्ञान, सिप, क्षमता अभिबृद्धिका लागि आवश्यक कार्य गरिनेछ ।
- नगरका कार्यक्रम, सेवा तथा योजनाका बारेमा नगरवासीलाई सुसूचित गर्न त्रैमासिक रुपमा **नगर बुलेटिन प्रकाशन** गरिने छ ।
- कोहलपुरमा कार्यरत संचारकर्मीहरुको उच्च सम्मान गर्दै कोहलपुरमा संचारग्रामको स्थापना गरिनेछ ।
- नगरका सम्पूर्ण वडाहरूमा इन्टरनेट सुविधासहित टेलिफोन सेवा र पुस्तकायलय सुविधा उपलब्ध गराउन आवश्यक पहल गरिने छ ।

**३.५.नगर स्तरिय गौरवका आयोजना तथा परियोजनाहरू :**

- गौरवका आयोजना अर्न्तगत संचालन भएका कालोपत्रे सडकहरुलाई यस आवमा समेत निरन्तरता गरिनेछ ।
- कोहलपुरलाई ब्यापारिक तथा शैक्षिक क्षेत्रको केन्द्रविन्दु बनाउने गरी पूर्वाधार विकास गरिनेछ । कोहलपुर ०८,०७ र १४मा रहेका सामुदायिक वन क्षेत्रलाई कोहलपुरको औद्योगिक क्षेत्रको रुपमा विकास गरिनेछ ।
- १३ विघामा रङ्गशाला तथा कभर्ड हल निर्माणको कार्यलाई निरन्तरता प्रदान गरिनेछ, योग तथा ध्यान केन्द्र, यातायातका साधनको लागि पार्किङ स्थल, अटो भिलेज निर्माणका लागि आवश्यक कार्य गरिनेछ ।
- प्रस्तावित कोहलपुर नगरपालिकाको करिब ५८ कि.मि लम्बाई रहेको फोरलेनको रिङरोडको **विस्तृत परियोजना प्रतिवेदन (DPR)** तयार गरी सिमाङ्कन गरिनेछ र सो सडक क्षेत्रमा पर्ने जग्गाको मुआब्जाको दर समेत निर्धारणको गरिनेछ ।

- किरणनाला, रोहणी खोला,डुडुवा खोला,किरणनाला आदि खोलाहरूको संरक्षण गर्दै यी खोलामा सदावहार पानीको श्रोतको रुपमा विकास गर्न ठाउँ-ठाउँमा पानीको ब्रेकर बनाई आवश्यक ठाउँहरूमा पुल र पैदल मार्गहरू निमार्ण गरिने छ। साथै डुडुवा नालामा सिक्टा सिंचाईको केहि प्रतिशत पानी खसाल्ने र विद्युतीय सवदाहन स्थल निर्माणका लागि सम्भाव्यता अध्ययन गरिने छ।
- कोहलपुरमा Information Techonology वा ईन्जिनियरिङ्ग ,बन विज्ञान, फार्मेसी, कृषि विज्ञान आदि प्राविधिक विषयमा स्नातक तह सम्मको पढाई संचालनका लागि पहल गरिनेछ।
- गोलपार्कमा आधुनिक घण्टाघर निर्माण कार्य अगाडी बढाईने छ। सो कार्यका लागि नगर विकास कोष (Town Development Fund ,TDF) संग ऋण सहयोगका लागि अनुरोध गरिनेछ।
- कोहलपुर नगरपालिकाको दिगो फोहोर ब्यवस्थापन गर्नका लागि आधुनिक ल्याण्डफिल साईटको निर्माण गर्न **<u>बिस्तृत संभाब्यता अध्ययन</u>** गरिनेछ।
- कोहलपुर ३ र १५ को चन्नहवा जोडने बाटोलाई कालोपत्रे गरिनेछ।

४) **वातावरण तथा विपद ब्यवस्थापन :** हाल बढि रहेको जलवायु परिवर्तनका असरलाई न्यूनिकरण गरी वातावरण संरक्षण गर्नका लागि यस आवमा वातावरण तथा विपद् ब्यवस्थापनको क्षेत्रमा निम्नानूसारको काम गर्ने नीति लिईएको छ।

**४.१.विपद् व्यवस्थापन :**

- नगर तथा वडा स्तरिय विपद् ब्यवस्थापन समितिलाई प्रभावकारी एवं ब्यवस्थित गरिनेछ।
- नगरमा भूकम्प, असिना, आगलागी, बाढी, सर्पको टोकाई, चट्याङग जस्ता प्रकोप, दुर्घटना आदिको व्यवस्थापन गर्न स्थापित **<u>विपद् व्यवस्थापन कोष</u>** ब्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गरिनेछ।
- प्रत्येक वडामा विपद् ब्यवस्थापन समिति मार्फत आईपर्ने विपद्को तत्कालिन उद्धार तथा सहयोगमा सहजिकरण गरिनेछ। जोखिमयुक्त आवासिय क्षेत्रलाई जोखिमरहित क्षेत्रमा पुर्वाधार निर्माण गरी स्थानान्तरण गरिने छ।

**४.२.जलाधार, बन्यजन्तु ,खानी तथा खनिज :**

- नगर भित्रका वन तथा जङ्गलहरूको संरक्षण र नियमन गरिने छ साथै सार्वजनिक बाँझो जमिनहरूमा वृक्षारोपण गर्न प्रेरित गरिने छ।
- अगामी ५० वर्ष भित्रको सोच राखि हुन सक्ने पानीको संकटलाई मध्येनजर राखी वैकल्पिक पानीको श्रोतको खोजी गर्न आवश्यक प्रक्रिया अगाडी बढाईनेछ।
- वन पैदावारको बढ्दो खपतलाई सहज गर्न नीजि जग्गामा वन लगाउन नीजि वन किसानलाई प्रोत्साहन गरिने छ।
- नगरमा रहेका खानी तथा खनिज पदार्थको संरक्षण र नियमन गरिने छ।

- नगरभित्र रहेका रानीघाट, डुडुवा तथा रोहणी खोलामा रहेका गिटी, ढुङ्गा, वालुवा, बेसमाटो आदिको उत्पादन र उत्खनन र संरक्षणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

**५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन :**

**४.१.नगर सुशासन तथा जनशक्ति व्यवस्थापन :**

- कोहलपुर नगर क्षेत्र भित्रको सडक, खानेपानी, बिजुली, दुरसञ्चार, फोहरमैला व्यवस्थापन, ढलनिकास आदिको एकिकृत सेवा र सुविधा प्रदान गरिने छ ।
- सुशासनका लागि आर्थिक पारदर्शिता भन्ने नीति कार्यान्वयन गर्न प्रमुख तथा उपप्रमुख लगायत कार्यपालिका सदस्यहरूले आफ्नो **सम्पत्ति विवरण सार्वजनिक** गरिनेछ ।
- जनतालाई दिइने सेवालाइ चुस्त, द्रुत र सरल वनाउनका लागि सबै वडा कार्यालयहरूलाई नगरपालिकासँग **Broad Band (High Speed) Internet** बाट नेट-वर्किंग गर्ने र कर्मचारीहरुलाई प्रोत्साहन भत्ता दिई कामप्रति उत्प्रेरित गरिनेछ ।
- स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन नगरपालिका र प्रत्येक वडा कार्यालयहरूमा नागरिक बडापत्र, सुशासन हेल्प डेस्क, नागरिक भेला, सार्वजनिक सुनवाई तथा सामाजिक परिक्षण, अनुगमन संयन्त्र र कार्यप्रणालीलाई पारदर्शी वनाउँदै सबै सुचनाहरु नगरपालिकाको वेवसाईटमा अध्यावधिक तथा ब्यवस्थित गरिनेछ ।
- कोहलपुर नगरवासीका लागि शिक्षा, स्वास्थ्य, यातायात लगायतका आधारभूत सेवा र दैनिक उपभोग्य बस्तुहरू सहज र सुपथ मूल्यमा प्राप्त हुने व्यवस्था मिलाउन पहल गरिने छ ।
- नगरको लागि आवश्यक पर्ने जनशक्ति भर्ना गर्न, बढुवा र सेवा सम्बन्धी अन्य व्यवस्था गर्नका लागि नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको पदमा कार्यरत वा सेवा निवृत्त व्यक्तिको अध्यक्षतामा आवश्यक विषेशज्ञ सहितको तीन सदस्यीय **नगर सेवा आयोग** गठन गरिने छ ।
- आवश्यकता अनुसार कर्मचारी तथा नगर प्रहरीको ब्यवस्था,सो सम्बन्धि प्रशिक्षण आदि गरिने छ । सोको लागि सेवा निवृत र भू.पू.हरूको समेत ज्ञान र सिपको उपयोग गरिने छ ।
- कर्मचारी कल्याण/अवकाश कोषको व्यवस्थापन गरी कार्यरत कर्मचारीहरू मध्ये स्वेच्छिक तथा अनिवार्य अवकाश लिन चाहने कर्मचारीहरूलाई सेवा निवृत्त गर्ने व्यवस्था मिलाइने छ ।
- नगरपालिकामा प्रेष सल्लाहारको ब्यवस्था गरी नगरका सुचना तथा जानकारीहरु संप्रेषित गरिने छ ।

**४.२. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन :**

- सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिने छ साथै मानव संशाधन, प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदा आदिको अभिलेखीकरण र अद्यावधि गरी व्यवस्थित गरिने छ ।
- विपन्न तथा न्यून आय भएका नागरिक, फरक क्षमता भएका नागरिक, बालश्रमिक, सडक बालबालिका, हिंसा पीडित महिला, अल्पसंख्यक जाति र द्वन्द्व पीडितको अभिलेख तयार पारि आवश्यक संवोधनका लागि पहल गरिने छ ।

**१.४. कर,सेवा शुल्क तथा राजश्व :**

- नगरबाट लिइने कर, राजस्व तथा सेवा शुल्क आदि व्यवस्थित र नियमित गरिने छ । **"हाम्रो नगर हाम्रो कर, समृद्ध वनाउने हाम्रै रहर"** भन्ने नारालाई साकार पार्न नियमित कर तिर्ने करदातालाई बार्षिक रुपमा सम्मान गरिने छ ।
- प्रगतिशील कर प्रणालीका आधारमा करको दायरा बढाइनेछ र सीमान्तकृत एवं सुविधा बाट वञ्चित समूहको भलाईका लागि प्रयोग गरिने छ । यस वर्षदेखि **एकिकृत सम्पती कर र बहाल विटौरी शुल्क** लागु गरिनेछ ।

- नगरपालिकाको आन्तरिक आयलाई थप सुदृढिकरण र व्यवसायहरुलाई करको दायरामा ल्याउनको लागि **कर उत्प्रेरक (Tax Motivator)** को व्यवस्था गरिनेछ । नगरको आन्तरिक आयको विश्लेषण गरि श्रोतहरुको उपलब्धता यकिन गरिनेछ । राजश्व तथा कर असुलीका नयाँ श्रोतहरुको खोजि गरी नगरपालिकाको आन्तरिक आयलाई यर्थाथपरक र वास्तविकतामा आधारित बनाईनेछ ।
- मालपोत तथा भुमि कर भुमि वर्गिकरणको आधारमा निर्धारण गरि लागू गरिनेछ । खेतियोग्य जमिनलाई बाँझो छोड्ने प्रवृतिलाई निरुत्साहित गर्न थप कर लगाउने व्यवस्था गरिनेछ ।
- घर नक्सा पास/प्रमाणीकरण/अभिलेखीकरण,कर-राजस्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइनेछ । उत्पीडित,विपन्न तथा गरिबी र फरक क्षमता भएको प्रमाणित गर्न गरिने सिफारिसलाई निःशुल्क गरिने छ ।
- नगरक्षेत्र भित्र व्यवसाय संचालन गरेका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय तथा फर्म नगरपालिकाम दर्ता गर्नुपर्नेछ । व्यवसायीहरुले नगरपालिकामा आफ्नो व्यवसाय तथा फर्म वार्षिक रुपमा नविकरण नगरे घरेलु तथा साना उद्योग, ब्यापार संघ तथा आन्तरिक राजश्व कार्यालयबाट दर्ता नविकरण नहुने ब्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।
- घरभाडाको क्षेत्र तोकि न्युततम दररेट निर्धारण गरी घरवहाल कर लिईनेछ । साथै नगरक्षेत्र भित्रका सम्पुर्ण घरवहालमा दिने घरधनी र ब्यवासीहरुको तथ्याङ्क अध्यावधिक गरिनेछ ।
- नगरवासीहरूलाई सम्बन्धित वडा कार्यालयहरुबाट नै सम्पुर्ण कर तथा दस्तुर तिर्नका लागि सफ्टवेयर र आवश्यक जनशक्तिको ब्यवस्था गरी कर तिर्ने व्यवस्था मिलाईने छ ।
- भूतपूर्व सैनिक, प्रहरी तथा सेवा निवृत्त शिक्षक, प्राध्यापक एवं राष्ट्रसेवकहरूको उचित सम्मान गर्दै वहाँहरूको अनुभव, ज्ञान, सिप र दक्षतालाई आवश्यक सुविधा सहित नगरको विकासमा परिचालन गरिने छ ।

## ६.दीर्घकालीन कार्यक्रमहरू :

- कम उर्वर र जोखिम कम भएका स्थानहरूमा बस्ती विकास कार्यक्रम लागू गरिने छ । एकीकृत बस्ती विकास कार्यक्रमद्वारा सुकुम्वासी, मुक्त कमैया, मजदुर र भूमिहीनहरूलाई **एक परिवार एक घर कार्यक्रम** कार्यान्वयनका लागि सम्भाव्यता अध्ययन गरिने छ ।
- कोहलपुर नगरका सवै वडाका साथै सीमावर्ती गाउहरूलाई समेत जोडने गरी २ वटा चक्रपथको संभाव्यता अध्ययन गरी राजमार्गहरूसँगको कनेक्टीभिटीमा जोड दिनुका साथै सडकको स्तरीकरण गरी सडक सञ्जाललाई जि.पि.एस. सिस्टममा राखिने छ ।
- हुम्लाको हिल्सा देखि कर्णाली राजमार्गको सुर्खेत नेपालगंज रुपैडिहा नाका हुदै अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्न ६ नं.प्रादेशिक सरकार एवं संघीय सरकारसँग सहकार्य गरिने छ ।
- आगामी ५ वर्ष भित्र कोहलपुरलाई देशकै उत्कृष्ट शिक्षा, स्वास्थ्य, पर्यटन, सूचना प्रविधि र वातावरण मैत्री नगरपालिकामा रूपान्तरण गरिने छ ।
- कोहलपुर नगरपालिका क्षेत्र भित्र बसोवास गरिरहेका अल्पसंख्यक,लोपोन्मुख जाति(राजि,चिडिमार र गर्न्धव) लाई जग्गा सहित एकिकृत वस्ती विकासका निम्ति पहल गरिने छ ।
- कोहलपुर ११ लोकनगरमा रहेको मुक्त कमैया वस्तीलाई **नमूना वस्तीको** रुपमा विकास गर्नका लागि पहल गरिनेछ ।
- कोहलपुर नगर विकास समितिको मातहतमा रहेको कोहलपुर चौराहा क्षेत्रको जग्गामा ब्यापारिक भवन निर्माण गर्न पहल गरिने छ ।
- कोहलपुर स्वास्थ्य चौकीलाई ५० शैयाको आधुनिक सुविधा सम्पन्न हस्पिटलको निर्माण गरी स्तरोन्नति गर्न पहल गरिने छ ।

- बफर क्षेत्रको प्राकृतिक श्रोत साधन बाट प्राप्त हुने आम्दानी कम्तिमा ५० प्रतिशत नगरपालिकामा आउने ब्यवस्था मिलाउन पहल गरिने छ ।
- सिद्धि विनायक सामुदायिक वन उपभोक्ता समुह संगको सहमतिमा १३ हेक्टर वन क्षेत्रलाई नगरपालिकाको स्वामित्वमा लिई अग्रभागमा आधुनिक सुविधा सम्पन्न सपिङ्ग कम्पलेक्स निर्माण, बाँकी क्षेत्रमा पार्क, सरकारी कार्यालयहरु र नगरलाई आवश्यक पर्ने अन्य संरचनाहरु निर्माणका लागि नीतिगत पहल गरिने छ ।
- चप्परगौडी खड्कवार हुदैं सल्यानको घुईयाबारी जोड्ने वि.पी. राजमार्ग लाई पुर्णता दिन आवश्यक पहल गरिने छ ।

लूट बहादुर रावत
(नगर प्रमुख)
कोहलपुर नगरपालिका